# नेपाल उद्योग परिसंघ (CNI) कोशी प्रदेश

## आर्थिक वर्ष २०८३/८४ का लागि मौद्रिक नीति तर्जुमा गर्ने क्रममा अर्थतन्त्र सुधारका लागि (CNI Koshi ) का सुझाव

### १ सन्तुलित विस्तारमुखी (Moderately Expansionary) मौद्रिक नीति

नेपालले अब नया युगको शुरुवात गर्नुपर्ने छ युवाहरुको तत्परता र नेतृत्वमा नवप्रवर्तनऔद्योगीक र आर्थिक बिकासमा नया आयाम थपिने छ भन्ने निजिक्षेत्रले बिश्वास लिएको छ। आ.व. २०८३।८४ को मौद्रिक नीतिको मुख्य उद्देश्य आर्थिक वृद्धि सगै, बिगतका बिभिन्न घटनाबाट त्रसित निजी क्षेत्रको विश्वास पुनर्स्थापना गर्नु, लगानी विस्तार गरि रोजगारी सिर्जना गर्नु, वित्तीय स्थायित्व र उत्पादन मूलक क्षेत्रको विकास गर्ने स्पष्ट निति हुनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ । मुलुकको हालको आर्थिक अवस्थालाई हेर्दा आगामी आ ब को मौद्रिक नीति "सन्तुलित रूपमा विस्तारमुखी (Moderately Expansionary) "हुनु आबश्यक देखिन्छ। यसका साथै निजी क्षेत्रले बिगत देखी भोग्दै आएको र महशुष गरेका र आर्थिक औद्योगिक बिकास तथा पुजी बजार बिस्तार का लागी केही महत्वपुर्ण सुझावहरु निम्न अनुसार प्रस्तुत गरेका छौं ।

### २ कर्जा पुनर्संरचना कर्जापुनर्तालिकीकरण (Loan Restructuring and Loan Rescheduling)

नेपालका बैंक तथा वित्तीय संस्थाहरूमा खराब कर्जा (Non-Performing Loans - NPL) बढ्दै जानुको मुख्य कारण बर्तमानआर्थिक मन्दी, व्यावसायिक नगद प्रवाह (Cash Flow) मा आएको गिरावट र ऋणीहरूको घट्दो ऋण भुक्तानी क्षमता नै भएको बिषय सबै सामु छर्लङ्ग छ । यसका साथै विगतमा बैक तथा बितिय संस्थानहरुले आक्रामक कर्जा विस्तार गरि उत्पादनमूलक क्षेत्रको साटो आयात, सेयर बजार र घरजग्गा जस्ता अनुत्पादक क्षेत्रमा लगानी र बढी कर्जा प्रवाह गरि त्यसको कमजोर मूल्याङ्कन र कम असुली हुँदा जोखिम बढ्न गै हाल यो अवस्था आएको हो भन्ने बैङ्कहरुकै बिगतका प्रतिबेदनहरुमा छन यसका साथै हाल आएर नेपाल राष्ट्र बैंकले कर्जा वर्गीकरण र प्रोभिजनिङ (Loan Loss Provisioning) सम्बन्धी व्यवस्थामा कडाइ गरेका कारण पनि पहिले 'असल' देखिएका कर्जाहरू अहिले 'खराब कर्जा' मा परिणत भएका यथार्तता छ यो आर्थिक संकुचनलाई मध्यनजर गर्दै नेपाल राष्ट्र बैंक ले केही लचिलो भै मौद्रिक नीतिमार्फत होटल, रेस्टुरेन्ट, पशुपक्षी पालन, निर्माण क्षेत्र र निश्चित सीमासम्मका साना व्यवसायलाई पुनर्संरचनाको सुविधा दिएको भएता पनि समग्रमा पछिल्लो समय खराब कर्जा (NPL) बढ्दै गएकाले उद्योग व्यवसायको नगद प्रवाह विश्लेषण गरेर वित्तीय क्षेत्रको सुधारका स्थायित्वका लागी अरु क्षेत्र र थप सिमा सहित कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण गर्नुपर्ने आबश्यक देखिएको छ ।

### ३ वित्तीय क्षेत्रको स्थायित्व व्यवसायको पुनरुत्थान (Business Recovery):

तात्कालिक अवस्थामा नगद संकट झेलिरहेका उद्योग-व्यवसायले समय पाउँदा र किस्ताको आकार सानो हुने हुँदा व्यवसायलाई पुनः गति दिने सहज हुने र अर्थिक क्षेत्र चलायामान रहिरहने हुन्छ साथै यसबाट बैंक र ग्राहक सम्बन्धको निरन्तरता रहने ऋणीलाई कालोसूची (Blacklist) मा पर्नबाट जोगाएर बैंकको धितो लिलामी Forced Liquidation) प्रक्रिया केही समय थाती राख्दा बैंकिङ प्रणालीमा एकाएक आउने संकट पनि टार्ने र खराब कर्जाको अनुपात नियन्त्रणमा रहने वित्तीय क्षेत्रको स्थायित्व कायम रहने मात्रहैन यसबाट दुवै पक्षको हितको रक्षा हुने हुदा केन्द्रीय बैक यसमा लचिलो भै दिन हामी आग्रह गर्दछौ ।

### ४ सूक्ष्म लघुवित्त वित्तको कर्जा सीमा Microfinance Loan or Microcredit

यो कर्जा विशेष गरी ग्रामीण तथा विपन्न क्षेत्रमा कृषि, लघुउद्यम, व्यापार वा घरेलु उद्योग सञ्चालनका लागि प्रदान गरिने कर्जा भएकाले यसमा रहेको लघुवित्त कर्जाको विद्यमान सीमा र बिभिन्न शर्त ले गर्दा ति लक्षीत बर्गलाइ पहुच पुग्न

सकिरहेको छैन तसर्थ ग्रामीण क्षेत्रमा वित्तीय पहुँच र पुँजी प्रवाह बढाउन लघुवित्तबाट प्रवाह हुने बिना धितो कर्जाको सीमा र शर्त हटाइ सबैका लागी रु. २५ लाख सम्म हुनुपर्ने।

## ५ कालोसूचीमा पर्नेहरूको पुनरावलोकन (Blacklisting)

loan defaults र कालोसूचीमा पर्नेहरूको संख्यामा भएको वृद्धिलाई मध्यनजर गर्दै यसका खास कारण र मुलुकको विद्यमान आर्थिक निति र परिस्थिति लाइ अध्ययन गरेर कालोसूचीमा पर्नेहरूको अवस्था आउनका खास कारण भएकाहरुलाइ उध्दार हुने गरि कालोसूची सम्बन्धी नियममा व्यावहारिक लचकता अपनाउनुपर्ने देखिन्छ । नियतवश नभई परिस्थितिवश ऋण तिर्न नसकेका उद्यमीहरूलाई पुनरुत्थानको मौका दिने गरी कालोसूची Blacklist) सम्बन्धी नियम परिमार्जन हुन अनिवार्य रहेको छ ।

## ६ निजी क्षेत्रको लगानी प्रवर्द्धन (Differential ब्याजदर नीति

स्वदेशी उत्पादन र स्वरोजगार बृध्दी गर्नका लागी बैक तथा बितिय क्षेत्रले उत्पादनमुखी क्षेत्रलाई सहुलियतपूर्ण कर्जाको ब्यवस्था हुनुपर्दछ कृषि, उद्योग, पर्यटन, सूचना प्रविधि तथा निर्यातमुखी क्षेत्रमा कम ब्याज दरमा लक्षित समुह र उद्यमी लाइ सहज कर्जा व्यवस्था गरिनु पर्दछ । कृषि, ऊर्जा, र उत्पादनमूलक उद्योगमा प्रवाह हुने कर्जाको सीमा र दायरा लाइ फराकिलो बनाइनु पर्दछ । उद्योगहरूको आवश्यकता अनुसार चालू पुँजी कर्जा (Working Capital Loan) सम्बन्धी व्यवस्थालाई थप व्यावहारिक र लचिलो बनाउदै व्यापारिक क्षेत्र र उत्पादनमूलक उद्योगका लागि फरक–फरक (Differential) ब्याजदर नीति लागू गरि उत्पादनमूलक क्षेत्रमा हाल भै रहेको कर्जाको ब्याजदर लाइ थप घटाउने निति अबलम्वन हुनु पर्दछ ।

## ७ ब्याजदरमा स्थायित्व र न्यूनीकरण

हालका दिनहरुमा बैक ब्याजदरहरु सिंगल डिजिटमा घट्दो अवस्थामा भएता पनि यो स्थाइ निति भन्दा पनि परिक्षणको रुपमा वा डिमाण्ड सप्लाइका आधारमा भएको अस्थाइ प्रबृतिको देखिएको छ । हालको घट्दो ब्याजदरलाइ पनि उद्यमीहरु र लगानीकर्ता हरुले सहजै बिश्वास गरि रहेका छैनन तेसैले लगानी बढीरहेको छैन यो बैंकको बिगत को अस्थिर नीतिको कारणले हुनु पर्दछ । *ब्याजदरको अस्थिरताले पुँजीबजारमा समेत प्रत्यक्ष असर पारिरहेको छ।ब्याजदर अस्थिर रहेसम्म दीर्घकालीन लगानी योजना बनाउन कठिन हुन्छ र पुँजीबजारले पनि स्थायित्व पाउन सक्दैन।* तसर्थ अब ब्याजदर नितगत रुपमै स्थायित्व र न्यूनीकरण नितिमा आधारीत हुनु पर्दछ भन्ने हाम्रो मान्यता छ । *ब्याजदर कोरिडोर )Interest Rate Corridor) मार्फत ब्याजदर स्थिर र अनुमानयोग्य बनाउनुपर्ने आबश्यक छ ।*

## ८ KYC केन्द्रीय र डिजिटल एकीकरण

*बैंक तथा बित्तिय संस्थाहरुमा ग्राहकले एक पटक पेश गरेको KYC बिबरण पटक पटक ग्रहक तथा लगानीकर्तालि प्रत्येक संस्थामा छुट्टाछुट्टै केवाईसी गर्नुपर्ने झन्झटिलो व्यवस्था कायम नै छ यो झन्झट हटाउन यस अघिपनि अनुरोध गरिएको र हटाइने आश्वासन भएता पनि ब्यवहारमा अहले सम्म कायमै छ अब हरेक कारोबारहरु डिजिटलाइजेशन भै रहंदा यो KYC लाइ पनि केन्द्रीय केवाईसी (Central KYC) प्लेटफर्म निर्माण गरी* एपीआई (Application Programming Interface) *लागू गरीएमा केन्द्रीय केवाईसी प्रणाली मार्फत एकपटक मात्र केवाईसी गरेर सबै संस्थामा लगानी र कारोबार गर्न सकिनेछ यसले बैकका ग्रहक तथा लगानीको प्रक्रियामा समेत सरल र डिजिटल बन्ने तर्फ केन्द्रिय बैंक को ध्यानाकर्षण गर्दछौ ।*

## ९ बैंक तथा डिजिटल माध्यमबाट हुने ठगी नियन्त्रण (Financial Fraud control)

प्रबिधिको बढ्दो प्रयोग सगै बैंक तथा डिजिटल माध्यमबाट हुने ठगीका घटनामा बृध्दि भै रहेको छन् यसलाइ नियन्त्रणका लागि नेपाल राष्ट्र बैंकको साइबर सुरक्षा निर्देशिका अनुसार नेपाल राष्ट्र बैंक ले सुरक्षा प्रणाली अद्यावधिक गर्न निर्देशन पनि दिएको छ ता पनि बिगत केही समय यता बैक स्क्याम्प चोरी बैंक ठगी प्रकरण बढी रहेको छ अझ बैकका उच्च पदाधिकारीहरु नै यसमा संलग्नको आशंकाले बैक प्रतिको बिश्वासनियतामा ह्रास आएको छ तसर्थ केन्द्रिय बैंक यस तर्फ थप सचेत रहनु पर्ने आबश्यकता देखिएको छ व्यक्तिगत सुरक्षा र सावधानीका उपायहरूको ब्यापक जन चेतना सहित नियमित रूपमा वित्तीय साक्षरता (Financial Literacy) र सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने कार्यमा बैक स्वयं र

KOSHI PROVINCE

**निजि क्षेत्र संग सहकार्य लगायत कारोबारलाई थप सुरक्षित बनाउन बायोमेट्रिक (Fingerprint/Face) र ओटीपी (OTP) को प्रयोग बहु-स्तरीय प्रमाणीकरण रियल-टाइम अनुगमन Fraud Detection System जस्ता उपाय र प्रबिधिको पहुच बढाएर Financial Intelligence FININT लाइ बैक बित्तिय क्षेत्त्रको नियमक निकाय नेपाल राष्ट्र बैक ले नै प्रभावकारी बनाउनु पर्दछ ।**

## १० संस्थागत कोषहरूको पुंजी बजारमा सक्रिय परिचालन

**पुंजी बजारको सक्रिय परिचालन तथा *दीर्घकालीन स्थायित्व आउने पुजी निर्माण पनि आर्थिक बिकासका लागी आबश्यक तत्व हो । मुलुकमै रहेका बिभिन्न कोषहरुलाइ सुरक्षीत बनाइ पुजी चलायामान हुनु नितान्त आबश्यक छ । कर्मचारी सञ्चय कोष (EPF) , नागरिक लगानी कोष (CIT) , सामाजिक सुरक्षा कोष (SSF) र बीमा कोष जस्ता ठूला संस्थागत कोषहरूमा अर्बौं रुपैयाँ जम्मा छ, र यस्मा प्राप्त हुने रकम नियमित र अनिवार्य प्रकृतिको भएकाले यसको आकार दिन दिनै बढीरहने हुन्छ र ठुलो रकम निक्षेप मा जम्मा रहन्छ तर नीतिगत अस्पष्टताका कारण यी कोषहरु पुँजीबजारमा लगानी गर्न आउन सकेका छैनन् तसर्थ पुंजी बजारको आकार बढाउन यीनिहरु समेतको संस्थागत लगानी बढेमा पुंजी बजारमा दीर्घकालीन स्थायित्व आउने सम्भावना छ ।***

## *११ स्वदेशी चाँदी उद्योगका लागी चाँदी आयात सीमा पुनरावलोकन*

***नेपालका चाँदी उद्योग हरुले उद्योगको कच्चा पदार्थका रुपमा चाँदी आयात गर्दा हाल भै रहेको व्यवस्थामा व्यावहारिक संशोधन गरी आयात सीमा पुनरावलोकन गरिदिन सम्वन्धित सरोकारवाला हरुले आग्रह गरिरहेका छन***

***हालको व्यवस्थाअनुसार एक पटकमा अधिकतम अमेरिकी डलर ५,००,००० (पाँच लाख) बराबरको चाँदी आयात गर्न अनुमति प्रदान गरिएको छ, साथै सोही प्रक्रिया, निगरानी र कागजी प्रणाली कायम राखी महिनामा एक पटकमा अमेरिकी डलर २०,००,००० (बीस लाख) बराबरको चाँदी एकैचोटि आयात गर्न अनुमति छ ।तर व्यवसायिक आवश्यकता, अन्तर्राष्ट्रिय बजारको चांदिको मुल्य, कार्यप्रणाली, लागत संरचना तथा नेपालको वर्तमान विदेशी मुद्रा सञ्चिति अवस्थालाई दृष्टिगत गर्दा उक्त सीमा यथार्थपुरक तथा पर्याप्त नभएको पछिल्ला वर्षहरूमा अन्तर्राष्ट्रिय बजारमा चाँदीको मूल्य उल्लेखनीय रूपमा वृद्धि भएको कारणले हाल कायम रहेको अमेरिकी डलर ५,००,००० (पाँच लाख) को सीमा निर्धारण गरिएको समयमा सो रकमबाट आयात गर्न सकिने चाँदीको परिमाण र वर्तमान समयमा सोही रकमबाट आयात गर्न सकिने परिमाणबीच ठूलो अन्तर आएको छ। परिणामस्वरूप, उद्योगहरूले आफ्नो उत्पादन आवश्यकता पूरा गर्न आवश्यक परिमाणको चाँदी एकै पटक खरिद गर्न नसक्ने अवस्था सिर्जना भएको छ। त्यसैले मूल्यवृद्धिका कारण घटेको वास्तविक खरिद क्षमता लाई ध्यानमा राखी आयात सीमा पुनरावलोकन गरी वृद्धि गर्नु समयसापेक्ष तथा व्यावहारिक हुनेछ।***

***चाँदी उद्योगले आयात गरेको कच्चा पदार्थबाट मूल्य अभिवृद्धि गरी आन्तरिक उत्पादन, रोजगारी सिर्जना तथा सरकारी राजस्वमा महत्वपूर्ण योगदान गर्दै आएको सन्दर्भमा, हालको नीति अनुसार भै रहेको आयात गर्ने अनुमति को सीमा वृद्धि गरी एक पटकमा अमेरिकी डलर १०,००,००० (दश लाख) बराबरको चाँदी आयात गर्न अनुमति दिन र साबिकको निगरानी र कागजी प्रणाली कायमै राखी महिनामा एक पटकमा अमेरिकी डॉलर ४०,००,००० (चालीस लाख) बराबरको चाँदी आयात गर्न अनुमति प्रदान गरि दिएमा ब्यबसायी लाइ बारम्बार LC खोल्ने तथा आयात प्रक्रिया दोहोर्याउने झण्झट हटाउने छ.। साथै अन्तर्राष्ट्रिय प्रिमियम लागतमा कमी, ढुवानी तथा लजिस्टिक खर्चमा कमी, अवैध कारोबार नियन्त्रणमा सहयोग, विदेशी मुद्रा सञ्चितिमा न्यून प्रभाव, उद्योग विस्तार तथा रोजगारी प्रवद्र्धन तथा व्यवसाय सञ्चालनलाई थप प्रभावकारी, लागत–कुशल र प्रतिस्पर्धी बनाउने भएकाले यस तर्फ समेत ध्यानाकर्षण गर्दछौ ।***

Pawan Kumar Sarda

**पवन कुमार सारडा**
**अध्यक्ष**
**नेपाल उद्योग परिसंघ कोशी प्रदेश**